आज मिति २०७६ साल आश्विन ६ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष ४ | श्री बसुन्धरा घर्ती | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| ब.आ.ले.प.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१ ह्युम पाइप वितरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२ सडक बत्ती जडान सम्बन्धमा ।
प्रस्ताव नं.३ कर्मचारीहरुको बढुवा गरी नियुक्ति दिने सम्बन्धमा ।
प्रस्ताव नं.४ दशैं बजार व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ सडक मर्मत सम्भार एवं सरसफाई गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ विद्यालयका का.स.हरुको छुट पोशाक भत्ता माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ वातावरण शुल्क ठेक्कामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.८ मठ, मन्दिर तथा धार्मिक अनुष्ठानहरुको सरसफाई सम्बन्धमा ।
प्रस्ताव नं.९ तनहुँ कालिका शहिद पार्कको सरसफाई तथा रङ्गरोगन  सम्बन्धमा ।
प्रस्ताव नं.१० व्यास नगरलाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११ विजया दशमी तथा दीपावली २०७६ को शुभ-कामना आदान-प्रदान कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.१२ एम्बुलेन्स र शव वाहन खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १३ Psychology विषय अध्यापन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१४ विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१५ कर असुल सम्बन्धी सफ्टवयरको सम्झौता नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१६ भारतको सावरमती नदी उकास विकास परियोजनाको अवलोकन भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं.१७ मादी नदीको नदीजन्य पदार्थ सम्बन्धी बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८ वडा कार्यालय भवन निर्माणार्थ गण्डकी प्रदेशमा आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९ व्यास नगरपालिकाको कृषि गुरु योजना तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० मादी नदी बहुउद्देश्यीय विकास गुरु योजना तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयबाट चालु आ.व.२०७६।०७७ मा खरिद गरिएका ह्युम पाइपहरु ग्रामिण वडाका सडकहरुमा हुने सवारी चाप र सडकको अवस्थालाई मध्यनजर गरी प्राविधिकको सिफारिसको आधारमा अत्यावश्यक स्थानहरुमा प्रयोग हुने गरी सबै वडाहरुमा ह्युम पाइप वितरण गरी सवारी आवागमन सुचारु गर्ने र नपुग हुने ह्युम पाइपहरु खरिद गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय  गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा स्थानीय उपभोक्ताहरुले विद्युत महशुल भुक्तानी गर्ने गरी विभिन्न वडाहरुबाट माग भई आए बमोजिम सडक बत्ती जडान गर्ने कार्यका लागि देहाय बमोजिमको परिमाणमा कार्यालयको मौज्दातमा रहेको ६७२० मिटर ABC केवल मध्येबाट विभिन्न वडाहरुलाई देहाय बमोजिमको परिमाणमा ABC केवल उपलब्ध गराउने, साथै सोको लागि आवश्यक अन्य सम्पूर्ण फिटिङ्गस् सामाग्रीहरु समेत उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | वडा | ABC केवलको परिमाण | कैफियत |
|---|---|---|---|
| १. | १ | १००० (एक हजार) मिटर | |
| २. | २ | ५०० (पांच सय) मिटर | |
| ३. | ३ | ६०० (छ सय) मिटर | |
| ४. | ४ | १००० (एक हजार) मिटर | |
| ५. | ५ | १००० (एक हजार) मिटर | |
| ६. | १० | १००० (एक हजार) मिटर | |
| ७. | ११ | १००० (एक हजार) मिटर | |
| ८. | १३ | ६२० (छ बीस सय) मिटर | |

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयमा मिति २०५६।७।१५, २०५६।९।२५, २०५५।४।२५ र २०५८।१।३ मा अस्थायी रुपमा नियुक्ति लिई कामकाज गर्दै आएका समुदाय परिचालक पुष्पराज आचार्य (सहायकस्तर पाँचौ), वित्त सहायक हेमन्त गुरुङ (सहायकस्तर पाँचौं), समुदाय परिचालक पम्फा बस्नेत (सहायकस्तर पाँचौं) र समुदाय परिचालक सावित्री आचार्य (सहायकस्तर पाँचौं) अविच्छिन्न रुपमा यस कार्यालयमा कार्यरत रही मिति २०६४।४।१५ गतेदेखि सोही पदमा स्थायी नियुक्ति पाएकाले आफू अस्थायी रुपमा कार्यरत मितिदेखि २०६४।४।१५ गते सम्मको अस्थायी अवधिको सेवा अवधि गणना गराई पाउँ भनी मिति २०७०।५।२७ गते यस कार्यालयमा निवेदन दिएकोमा उक्त समयमा कार्यालयको तर्फबाट अस्थायी सेवा अवधि गणना गर्न अलमल भएको र सेवा अवधि गणना नगरिदिएकोले मर्का पर्न गएको भनी व्यास नगरपालिका कार्यालयलाई विपक्षी बनाई सम्ममानित उच्च अदालत पोखरामा परमादेश जारी गराई पाउँ भनी रिट निवेदन दिएकोमा सम्मानित उच्च अदालतको मिति २०७४ पौष २६ गतेको अलग अलग फैसला अनुसार सेवा अवधि गणना गर्न मिल्ने नमिल्ने सम्बन्धमा निर्णय गरी निवेदकलाई जानकारी दिनु भनी व्यास नगरपालिका कार्यालय, दमौली, तनहुँको नाउँमा परमादेश जारी भएको र सम्मानित उच्च अदालत, पोखराको मुद्दा नं.०७३-W0-०१२९, नं.०७३-W0-०१२७, नं.०७३-W0-०१२८ र नं.०७३-W0-०१३० सँग सम्बन्धित क्रमशः निर्णय नं.८३, ८४, ८५ र ८६ अनुसार निवेदकहरुले स्थानीय स्वयत्त शासन नियमावली २०५६ को नियम २६९ ग बमोजिम सेवा अवधि गणना गराउन र सोही नियमावलीको नियम २२५ ख  बमोजिम हुने बढुवाका लागि आवश्यक प्रमाणहरु निज निवेदहरुले निवेदन पेस गरेको परिप्रेक्षमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को २६९ (ग) को उपनियम (१) बमोजिम स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनैपनि पदमा एक वर्षभन्दा बढी अवधिसम्म सेवा गरेको स्थानीय निकायको कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ती पाएको भए बढुवा प्रयोजनका लागि साविकमा निजले गरेको सेवा अधिकृत स्तरमा भए छैसठ्ठी प्रतिशत र सहायक स्तरमा भए पचहत्तर प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था भए बमोजिम वढुवाको व्यवस्थाका लागि उल्लेखित कर्मचारीहरुको माग निवेदन बमोजिम आवश्यक प्रकिया अगाडि बढाउन व्यास नगरपालिकाको ३१ औं नगर सभाको २०७६ असार ११ गतेको निर्णय नं.४ बमोजिम रोकिएको वढुवा अगाडि बढाउने भन्ने निर्णय भए अनुसार सोही मितिमा गठित यस नगरपालिकाको पदपूर्ति समितिको मिति २०७६।५।३० को बैठकको निर्णयद्वारा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६९ (ग) बमोजिम सेवा अवधि गणना र निजहरुको पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्यांकनको औषत प्रतिशतका आधारमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२५ (ख) ले गरेको व्यवस्था बमोजिम देहाय बमोजिमका कर्मचारीहरुलाई साविकको पदमा एक तह बढुवा हुने गरी बढुवा गर्न सिफारिस भई आए अनुसार एक तह बढुवा गरी नियुक्ति दिने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | कर्मचारीको नाम | हालको तह | बढुवा हुने तह | कैफियत |
|---|---|---|---|---|
| १. | पम्फा थापा बस्नेत | सहायकस्तर पांचौं | अधिकृत स्तर छैटौं | |
| २. | पुष्पराज आचार्य | सहायकस्तर पांचौं | अधिकृत स्तर छैटौं | |
| ३. | हेमन्त गुरुङ | सहायकस्तर पांचौं | अधिकृत स्तर छैटौं | |
| ४. | सावित्री आचार्य | सहायकस्तर पांचौं | अधिकृत स्तर छैटौं | |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा २०७६ सालको विजया दशमी तथा शुभ दीपावली को उपलक्ष्यमा सर्वसाधारणहरुको हितलाई मध्यनजर गरी दशैं बजारलाई व्यवस्थित तुल्याउन असोज ११ गतेदेखि नै दमौली सेण्टर पार्क भित्र दमौली बजार इकाई लगायत सम्बन्धित अन्य पक्षहरुसँग समन्वय गरी हाट बजार सञ्चालन गर्ने एवं पिङ निर्माण गर्ने तथा वि.पि. खेल मैदानको उपर्युक्त स्थानमा खसी-बोका बिक्री वितरण क्षेत्र तोकिदिने र मुख्य शहरी क्षेत्र सरसफाई समेत गर्ने गरी आवश्यक व्यवस्था मिलाउन

सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरुको नेतृत्वमा वडा नं. २, ३ र ४ का वडा कार्यालयहरुलाई जिम्मा दिने, साथै सोको लागि आवश्यक रकम भुक्तानी दिने समेत निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा वर्षात्का कारण बिग्रिएका विभिन्न वडाहरुका कच्ची सडकहरु सरसफाई/मर्मत सम्भार गरी यातायात सुचारु गर्नको लागि चालु आ.व.२०७६/०७७ को कार्यक्रममा समावेश भएका योजनाहरुको हकमा सोही योजनाको लागि विनियोजित रकमबाट कट्टा हुने गरी र अन्यको हकमा विभिन्न फुटकर योजना/मर्मत सम्भार शीर्षकबाट खर्च गर्ने गरी प्रत्येक वडामा बढीमा रू.६०,०००। (साठी हजार रुपैयाँ) सम्मको कार्य गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत रहेका विभिन्न विद्यालयहरुमा कार्यालय सहयोगीका रुपमा कार्यरत कर्मचारीहरुको आर्थिक बर्ष २०७५/०७६ को पोशाक भत्ता वापतको रकम भुक्तानी हुन छुट भएको हुँदा सो रकम भुक्तानीको व्यवस्था मिलाउन आवश्यक पर्ने सम्पूर्ण रकम निकासाका लागि शिक्षा विभागमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७६/०७७ को २०७६ मंसिर महिना देखि २०७७ आषाढ मसान्तसम्म ८ महिनाको अवधिका लागि वातावरण शुल्कको रकम ठेक्काद्वारा अशुली गर्ने गरी नियमानुसार बोलपत्र आव्हान सूचना प्रकाशन गर्ने र ८ महिनाको वातावरण शुल्क वापतको न्यूनतम रकम रू.४८,००,०००। (अड्चालीस लाख रुपैंयाँ मात्र) (सम्पूर्ण करहरु बाहेक) कायम गरी सूचना प्रकाशन गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नेपालीहरुको महान् चाड विजय दशमी तथा दिपावली २०७६ को उपलक्ष्यमा नगर क्षेत्र भित्रका विभिन्न मठ, मन्दिर तथा अन्य धार्मिक अनुष्ठानहरुको सरसफाई तथा रंगरोगनका लागि प्राविधिकको सिफारिसका आधारमा बढीमा रू.२५,०००। (पच्चीस हजार रुपैंयाँ) सम्म रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.४ स्थित तनहुँ कालिका शहिद जंगल पार्कमा विगतका वर्षहरुमा जस्तै यसवर्ष पनि घटस्थापना पूजा तथा फूलपाती भित्र्याउने कार्यक्रम रहेको व्यहोरा सहित सो अवसरमा पार्क, मन्दिर परिशर वरपरको क्षेत्र सरसफाई तथा रंगरोगनको लागि रकम माग भई आएअनुसार प्राविधिकको सिफारिसको आधारमा एकमुष्ट रू.६०,०००। (साठी हजार रुपैंयाँ) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा २०७६ मंसिर १ गतेदेखि यस नगरपालिकालाई प्लाष्ट्रिक मुक्त शहर घोषणा गर्ने र त्यसको पूर्व तयारीका लागि स्थानीय बजारमा कागज तथा कपडाका झोलाहरु आपूर्ति गर्न स्थानीय स्रोत साधनको अधिकतम उपभोग गर्ने गरी हाते झोला सिलाई कटाई कार्यक्रमहरु सञ्चालन गर्ने र सोको लागि आवश्यक रकम सरसफाई शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा २०७६ सालको विजय दशमी तथा दिपावलीको पावन अवसरमा सम्पूर्ण नगरवासी एवं देश-विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्नुका साथै आगामी आश्विन १७ गतेका दिन व्यास नगरपालिकाका पूर्व तथा वर्तमान जनप्रतिनिधिहरु, संघसंस्था लगायत सम्पूर्ण कर्मचारीहरुको सहभागिता रहने गरी शुभ-कामना आदान-प्रदान कार्यक्रमको आयोजना गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रममा लाग्ने सम्पूर्ण खर्च रकम नगरपालिका विविध शीर्षकबाट खर्च भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्रका बिरामीहरुलाई स्वास्थ्य सेवाको सहज पहुँच पुऱ्याउन एक थान एम्बुलेन्स र संवेदनशील अवस्थामा सेवा प्रदान गर्ने गरी एक थान शव वाहन खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै शव वाहन र

एम्बुलेन्स खरिदको लागि आवश्यक रकम कन्टिन्जेन्सी र सवारी साधन खरिद शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा श्री महेन्द्रज्योति माध्यमिक विद्यालय व्यास-६ शिशाघाटबाट कक्षा ११ र १२ मा Psychology विषय अध्यापनको लागि अनुमति माग भई आएअनुसार अध्यापन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका योजनाहरुमा तथा कार्यक्रमको लागि देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | बजेट खर्च शिर्षक नं. | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | तनहुँ बहिरा संघको कुखुरा पालन तालिम संचालन | | अपांग सम्बन्धी | ३०,०००। |
| २. | नेपाल चेपाङ संघ प्रशिक्षण तथा विविध कार्यक्रम | ११ | जनजाति | ५०,०००। |
| ३. | कालिका शिवालय टोल पञ्चे बाजा खरिद | ७ | कला संस्कृति | ५०,०००। |
| ४. | तालघरे दुम्सीचौर मार्ग नाला तथा सडक कालोपत्रे योजना रकम थप | १० | सम्बन्धित योजना | २७६०००। |
| ५. | जिल्ला सुधारका लागि सामाजिक उत्थान नेपाल तनहुँ | ४ | महिला | ५०,०००। |
| ६. | परियार सेवा समाज | ३ | दलित उत्थान | २५,०००। |
| ७. | सर्वेश्वर महादेव मन्दिर संरक्षण कम्पाउण्डवाल | ११ | विविध फुटकर | २५,०००। |
| ८. | अनन्त युवाक्लब | १० | युवा विकास | ४०,०००। |
| ९. | परिवर्तन नेपाल (क्रिकेट) | ३ | खेलकुद | ५०,०००। |
| १०. | आदर्श युवा क्लब | ७ | खेलकुद | २०,०००। |
| ११. | व्यास साँगितिक समूह | ३ | खेलकुद | ५०,०००। |
| १२. | निजामति दिवस कार्यक्रम | | खेलकुद | १९०९०। |
| १३. | नेपाल कुमाल सुधार समाज | ५ | जनजाति | ३०,०००। |
| १४. | गजौडे बजार परियार बाजा खरिद | ९ | दलित उत्थान | ३९५००। |
| १५. | विमले चौतारा हुँदै छाब्दी मार्ग र पोखरी भन्ज्याङ कालीमाटी सेढाई गाउँ जाने मार्गमा पहिरो सरसफाई एवं ग्राभेल | १३ | विविध फुटकर | २,१०,०००। |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा कर असुलका लागि विगतदेखि नै प्रयोगमा आइरहेको आय लेखा सम्बन्धी सफ्टवयर अद्यावधिक तथा नियमित सेवाको लागि सम्बन्धित फर्मसँग आर्थिक वर्ष २०७६।०७७ को लागि साविक कै दरमा रकम भुक्तानी गर्ने गरी सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा भारतको अहमदाबाद शहरमा रहेको सावरमती नदी उकास विकास परियोजनाको अवलोकनको लागि तहाँस्थित Buro Development Architecture & Planning नामक संस्थाको आमन्त्रणमा यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको नेतृत्वमा गएको प्राविधिक प्रतिनिधि सहितको ३ (तीन) सदस्यीय प्रतिनिधि मण्डलको आतेजाते र आवासीय खर्च प्लेन टिकट र अन्य आवासीय खर्च रकम रु.९७,०००। (सन्तान्नब्बे हजार रुपैयाँ) यस नगरपालिका कार्यालयले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अर्न्तगत मादी नदीको ढुंगा, गिट्टी, वालुवा उत्खनन् तथा बिक्री (ठेक्का नं १/mun/२०७६।०७७) गर्ने सम्बन्धमा दोस्रो पटक मिति

२०७६।५।५ गते मादीसेती प्रवाह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गोप्य शिलबन्दी बोलपत्र सम्बन्धी सूचना अनुसार न.पा कार्यालयको स्वीकृत न्यूनतम मूल्य (मू.अ.कर र आय कर बाहेक) रु.४,००,००,०००। मा सबैभन्दा बढी प्रतिशत अंक कबोल गरी बोलपत्र दर्ता गराउने एक मात्र फर्म श्री फेवा सावित्री जे.भि.पोखरा कास्कीले कबोल गरेको (मु.अ.कर र आय कर बाहेक) रु.४,००,०५,००५।२४ (चार करोड पाँच हजार पाँच रुपैयाँ र पैसा चौविस मात्र) अंकको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी नगरपालिका बोलपत्र मल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम श्री फेवा सावित्री जे.भि.पोखरा कास्कीको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय पोखरा नेपालको मिति २०७६।५।२५ च.नं.१२५ को पत्रद्वारा माग भई आएअनुसार आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रमबाट कार्यान्वयन हुने गरी यस नगरपालिकाको वडा नं.१ र ९ का वडा कार्यालय भवन निर्माणार्थ आवश्यक रकम विनियोजनका लागि आयोजना प्रस्ताव तयार गरी स्वीकृतका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको एकीकृत शहरी विकास आयोजना (IUDP) ले निर्दिष्ट गरेको प्रमुख अग्रणी क्षेत्र मध्येको कृषि क्षेत्रको विकास र व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धनका लागि अत्यावश्यक रहेको कृषि क्षेत्रको गुरु योजना तयार गर्न आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा मादी नदी उपत्यका विकास योजना अन्तर्गत मादी नदीको बहुउद्देश्यीय विकास परियोजना निर्माण गर्न TOR तयार गरी सम्बन्धित विशेषज्ञ लगायत सरोकारवालाहरुको राय परामर्श समेत लिई गुरु योजना निर्माण प्रकिया अगाडि बढाउने निर्णय गरियो ।